# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २७ गते २०३६ साल


मुद्रण विभाग, सिंहदरबार

### लोक सेवा आयोगको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ३ को उप-नियम ४.(१) बमोजिम राजपत्र अनङ्कित पदहरूको बढुवा समितिको अध्यक्षता गर्ने र सोही नियमावलीको नियम ३ को उप-नियम ५.(८) बमोजिम बढुवा समितिको सिफारिशउपर उजूरी सुन्ने कार्यालय अर्को व्यवस्था नभएसम्मका लागि देहायबमोजिम तोकिएको छ :–

| सि.नं. | नि.से.नि. ३.४ को उप-नियम (१)को | कार्यालय | बढुवा समितिको अध्यक्ष | उजूरी सुन्ने कार्यालय |
|---|---|---|---|---|
| १. | खण्ड (क) | (१) कानून तथा न्याय मन्त्रालय र वाग्मती विशेष अदालतको लागि | सचिव, कानून तथा न्याय मन्त्रालय । | मन्त्रिपरिषद् सचिवालय । |



२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | (२) सर्वोच्च अदालतको लागि | रजिष्ट्रार, सर्वोच्च अदालत । | लोक सेवा आयोग । |
| | | (३) महान्यायाधिवक्ताको कार्यालयको लागि | महान्यायाधिवक्ता । | " " |
| | | (४) निर्वाचन आयोग र लोक सेवा आयोगको लागि | सम्बन्धित आयोगका सचिव । | " " |
| २. | खण्ड (ख) | राष्ट्रिय पञ्चायत सचिवालय, मन्त्रिपरिषद् सचिवालय, प्रशासन व्यवस्था विभाग र (कानून तथा न्याय मन्त्रालयबाहेक) अरू मन्त्रालयको लागि | सम्बन्धित सचिवालय, विभाग र मन्त्रालयको सचिव । | मन्त्रिपरिषद् सचिवालय । |
| ३. | खण्ड (ख१) | क्षेत्रीय अदालतको लागि | सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । | महान्यायाधिवक्ताको कार्यालय । |
| ४. | खण्ड (ख२) | क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको लागि | सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । | महान्यायाधिवक्ताको कार्यालय । |
| ५. | खण्ड (ख३) | राजस्व न्यायाधीकरणको लागि | अध्यक्ष, राजस्व न्यायाधीकरण । | अर्थ मन्त्रालय । |
| ६. | खण्ड (ग) | अञ्चल अदालतको लागि | सम्बन्धित अञ्चल न्यायाधीश । | सम्बन्धित अञ्चलाधीशको कार्यालय । |
| ७. | खण्ड (घ) | जिल्ला अदालतको लागि | | |
| | | (१) रा. प. अ. तृ. श्रेणीको पदको लागि | सम्बन्धित जिल्ला न्यायाधीश । | सम्बन्धित जिल्ला कार्यालय । |
| | | (२) रा. प. अ. द्वि. र प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश । | सम्बन्धित अञ्चलाधीशको कार्यालय । |
| ८. | खण्ड (ङ) | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि | सम्बन्धित अञ्चलको सह-अञ्चलाधीश, सो नभएमा सम्बन्धित सहायक अञ्चलाधीश । | सम्बन्धित अञ्चल अदालत । |
| ९. | खण्ड (च) | सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयको– | | |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (१) रा.प.अ. तृतीय श्रेणीको लागि | सम्बन्धित जिल्ला न्यायाधीश। | सम्बन्धित जिल्ला कार्यालय। |
| | (२) रा.प.अ. द्वितीय र प्रथम श्रेणीको लागि | सम्बन्धित सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता। | सम्बन्धित अञ्चल अदालत। |
| १०. खण्ड (छ) | वाग्मती अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ) र (च) मा परेको अदालत र कार्यालयहरूबाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि | | |
| | (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| | (२) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. द्वितीय र तृतीय श्रेणीको पदको लागि | सम्बन्धित प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| ११. खण्ड (ज) | वाग्मती अञ्चलबाहेक अन्य अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ), (च) र (छ) मा परेका अदालत र कार्यालयहरूबाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि | | |
| | (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प. प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| | (२) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. द्वितीय र तृतीय श्रेणीको पदको लागि | सम्बन्धित प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| १. खण्ड (झ) | खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा नपरेका मन्त्रालय, विभाग, वा कार्यालयका लागि | | |
| | (१) मन्त्रालय, मन्त्रालयस्तरको विभाग, मन्त्रालयस्तरको सचिवालयको लागि | सम्बन्धित मन्त्रालय, विभाग र सचिवालयको सचिव। | मन्त्रिपरिषद् सचिवालय। |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (२) कार्यालयको लागि | सम्बन्धित कार्यालयको प्रमुख । | मन्त्रिपरिषद् सचिवालय । |
| (३) विभागको लागि | | |
| (१) रा. प. अ. प्रथम श्रेणीको लागि | सम्बन्धित मन्त्रालयको सचिव । | ,, ,, |
| (२) रा.प.अ. द्वितीय र तृतीय श्रेणीको लागि | सम्बन्धित विभागीय प्रमुख । | सम्बन्धित मन्त्रालय । |

द्रष्टव्यः– (१) उजूरी सुन्ने अञ्चलाधीशको कार्यालय, अञ्चल अदालतले उजूरीउपर छानबीन गरी कारवाही किनारा गर्दा सम्बन्धित जिल्लामा रहेको लोक सेवा आयोगको प्रादेशिक कार्यालयको र सो नभए अञ्चल कार्यालयको राय लिनु पर्नेछ । त्यस्तै जुन जुन जिल्लामा लोक सेवा आयोगको प्रादेशिक वा अञ्चल कार्यालय रहेको हुन्छ त्यस्तो जिल्लामा रहेको जिल्ला कार्यालयले पनि उजूरीउपर कारवाही किनारा गर्दा राय लिनु पर्नेछ ।

(२) अञ्चल अदालतको एकै अञ्चलभित्र २ बेञ्च भएकोमा त्यस्ता बेञ्चको कार्यक्षेत्रभित्र पर्ने जिल्लाको बढुवा समितिको अध्यक्षता र उजूरी सुन्ने काम सम्बन्धित बेञ्चका अञ्चल न्यायाधीशले गर्नु पर्नेछ ।

(३) बढुवा समितिले बढुवाको सिफारिश गर्ने बित्तिकै सबै सम्भाव्य उम्मेदवारहरूको बढुवा समितिमा पेश हुन आएका कागजपत्र सम्बन्धित उजूरी सुन्ने कार्यालयमा पठाउनु पर्नेछ ।

(४) नि. से. नि. को नियम ३.४(४) बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने पदमा प्रतिशत निर्धारण गर्दा ५० प्रतिशत खुल्ला प्रतियोगिताको लागि छुट्याई बाँकी ५० प्रतिशत बढुवाको लागि छुट्याउनु पर्नेछ ।

मिति २०३४।११।३०, मिति २०३५।५।५ र मिति २०३५।१०।२९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचनाहरू खारेज गरिएका छन् ।

आज्ञाले–
भुवनमान सिंह प्रधान
का. मु. सचिव
लोक सेवा आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं फागुन २७ गते २०३६ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

खण्ड २७ मिति २०३४।३।२० संख्या १२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित स्थानीय भत्तासम्बन्धी यस मन्त्रालयको सूचनामा रहेको कर्णाली अञ्चलको डोलपा जिल्लाको बाँकी भागलाई "ख" वर्गबाट "क" वर्गमा समावेश गरी मिति २०३६।११।१३ देखि लागू [illegible] श्री ५ को सरकारले निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–

गोरक्षबहादुर न्हुच्छे प्रधान

श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।